## **प्रस्तावहरु**

**प्रस्ताव नं. १** : भगवतीमाई गाउँपालिकाको सहकारी ऐन संशोधन सम्वन्धमा ।

**प्रस्ताव नं. २** : एक गाउँ एक प्राविधिक (कृषि/पशु) सम्वन्धमा ।

**प्रस्ताव नं. ३** : स्वास्थ्य सेवाका कर्मचारीहरुको पदस्थापन सम्वन्धमा ।

**प्रस्ताव नं. ४** : भगवतीमाई गाउँपालिकाको खरिद नियमावली, २०७६ स्वीकृत गर्ने सम्वन्धमा ।

**प्रस्ताव नं. ५** : मोटरसाईकल नामसारी र इन्धन खर्च सम्वन्धमा ।

**प्रस्ताव नं. ६ :** बावियातडा–हे.पो. हुँदै वडा कार्यालय देखी विध्यावासिनी मन्दिरसम्म सडक निर्माणको ठेक्का सम्वन्धमा ।

**प्रस्ताव नं. ७ :** नेपालका लागि फिनल्याण्ड सरकारको राजदूतको भ्रमण सम्वन्धमा ।

**प्रस्ताव नं. ८ :** भैरव मा.वि. खोरको भवन उद्घाटन सम्वन्धमा ।

**प्रस्ताव नं. ९ :** सव ईन्जिनियर ज्यालादारी/करारमा लिने सम्वन्धमा ।

**प्रस्ताव नं. १० :** औषधी उपचारको लागि आर्थिक सहयोग गर्ने सम्वन्धमा ।

**प्रस्ताव नं. ११** : विविध ।

## **निर्णय नं. १ :**

यस भगवतीमाई गाउँपालिकाको सहकारी ऐन, २०७४ पहिलो संशोधन आगामी गाउँसभाबाट अनुमोदन गर्ने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

## **निर्णय नं. २ :**

यस भगवतीमाई गाउँपालिका अन्तर्गत कार्यरत एक गाउँ एक प्राविधिक (कृषि/पशु प्राविधिक)हरुको बारेमा जनगुनासो आउने गरेको हुँदा आगामी दिनमा निजहरुले सम्पादन गरेको कार्यको मासिक प्रतिवेदन अनिवार्य सम्वन्धित शाखामा पेश गर्न निर्देशन गर्ने र कार्यसम्पादन सन्तोषजनक भएका प्राविधिकहरुको मात्र करार सम्झौता नविकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

कर्मचारी समायोजन ऐन, २०७५ वमोजिम यस गाउँपालिका अन्तर्गत समायोजन भएका स्वास्थ्य सेवाका कर्मचारीहरुको देहाय वमोजिम पदस्थापन गर्ने निर्णय गरियो ।

## स्वास्थ्य सेवा हेल्थ इन्पेक्सन समूहका कर्मचारीहरुको पदस्थापन विवरण

| क्र. सं | संकेत नं. | नामथर | पद | सेवा | समूह | तह | पदस्थापन भएको निकाय |
|---|---|---|---|---|---|---|---|
| १. | २१४४९९ | सर्जन गुरुङ्ग | हे.अ. | स्वास्थ्य | हे.ई. | सहायक पाँचौ | कट्टी स्वास्थ्य चौकी |
| २. | २२४३९९ | बबिन शाही | हे.अ. | स्वास्थ्य | हे.ई. | सहायक पाँचौ | जगनाथ स्वास्थ्य चौकी |
| ३. | १८०४७२ | भिमबहादुर वि.सी. | सि.अ.हे.व. | स्वास्थ्य | हे.ई. | सहायक पाँचौ | जगनाथ स्वास्थ्य चौकी |
| ४. | १३०८१८ | हरिबहादुर थापा | सि.अ.हे.व. | स्वास्थ्य | हे.ई. | सहायक पाँचौ | पगनाथ स्वास्थ्य चौकी |
| ५. | १७५४०९ | हिक्मतबहादुर बहादुर खत्री | सि.अ.हे.व. | स्वास्थ्य | हे.ई. | सहायक पाँचौ | वडाभैरव स्वास्थ्य चौकी |
| ६. | २०६९४६ | बमबहादुर वि.सी. | अ.हे.व. | स्वास्थ्य | हे.ई. | सहायक चौथो | कट्टी स्वास्थ्य चौकी |
| ७. | २१४३६६ | महेन्द्र भारती | अ.हे.व. | स्वास्थ्य | हे.ई. | सहायक चौथो | मेहेलतोली स्वास्थ्य चौकी |
| ८. | २२२४१४ | कर्णबहादुर सिंह ठकुरी | अ.हे.व. | स्वास्थ्य | हे.ई. | सहायक चौथो | जगनाथ स्वास्थ्य चौकी |
| ९. | २२४२२१ | मिनाकुमारी बोहरा | अ.हे.व. | स्वास्थ्य | हे.ई. | सहायक चौथो | पगनाथ स्वास्थ्य चौकी |
| १०. | २२२४४२ | सन्तोषकुमार थापा | अ.हे.व. | स्वास्थ्य | हे.ई. | सहायक चौथो | वडाभैरव स्वास्थ्य चौकी |
| ११. | २२४२४६ | उषा चौधरी | अ.हे.व. | स्वास्थ्य | हे.ई. | सहायक चौथो | कट्टी स्वास्थ्य चौकी |
| १२. | २२४००१ | अम्बरबहादुर भण्डारी | अ.हे.व. | स्वास्थ्य | हे.ई. | सहायक चौथो | वडाभैरव स्वास्थ्य चौकी |
| १३. | २२४४८४ | कमलाकुमारी पाण्डे | अ.हे.व. | स्वास्थ्य | हे.ई. | सहायक चौथो | रुम स्वास्थ्य चौकी |
| १४. | २२७३७३ | शुशिला रोकाय | अ.हे.व. | स्वास्थ्य | हे.ई. | सहायक चौथो | पगनाथ स्वास्थ्य चौकी |
| १५. | २३४०१७ | राधिका शर्मा गुरुङ्ग | अ.हे.व. | स्वास्थ्य | हे.ई. | सहायक चौथो | मेहेलतोली स्वास्थ्य चौकी |

**स्वास्थ्य सेवा कम्युनिटी नर्सिङ्ग/पब्लिक हेल्थ नर्सिङ्गका कर्मचारीहरुको पदस्थापन विवरण**

| क्र. सं. | संकेत नं. | नामथर | पद | सेवा | समूह | तह | पदस्थापन भएको निकाय |
|---|---|---|---|---|---|---|---|
| १ | १५४६४० | दुर्गाकुमारी गुरुङ्ग | सि.अ.न.मी. | स्वास्थ्य | प.हे.न. | अधिकृत छैटौं | भगवतीमाई गा.पा. कार्यालय |
| २ | १६१३८८ | ओमकुमारी शर्मा | सि.अ.न.मी. | स्वास्थ्य | प.हे.न. | सहायक पाँचौ | कट्टी स्वास्थ्य चौकी |
| ३ | १७६६९१ | भविसरा शाही | सि.अ.न.मी. | स्वास्थ्य | प.हे.न. | सहायक पाँचौ | रुम स्वास्थ्य चौकी |
| ४ | २१६८५९ | नितापुन मगर | अ.न.मी. | स्वास्थ्य | प.हे.न. | सहायक चौथो | वडाभैरव स्वास्थ्य चौकी |
| ५ | २२०५९० | रचनाकुमारी नेपाली | अ.न.मी. | स्वास्थ्य | प.हे.न. | सहायक चौथो | पगनाथ स्वास्थ्य चौकी |
| ६ | २२१४०४ | प्रतिभा थापा | अ.न.मी. | स्वास्थ्य | प.हे.न. | सहायक चौथो | जगनाथ स्वास्थ्य चौकी |
| ७ | २२६९६८ | मनकुमारी खड्का | अ.न.मी. | स्वास्थ्य | प.हे.न. | सहायक चौथो | पगनाथ स्वास्थ्य चौकी |
| ८ | २२८१२६ | जयन्तीकुमारी शाही | अ.न.मी. | स्वास्थ्य | प.हे.न. | सहायक चौथो | वडाभैरव स्वास्थ्य चौकी |
| ९ | २२८४२१ | श्रृजनाकुमारी खड्का | अ.न.मी. | स्वास्थ्य | प.हे.न. | सहायक चौथो | कट्टी स्वास्थ्य चौकी |
| १० | २२९२९८ | ललिता थापा | अ.न.मी. | स्वास्थ्य | प.हे.न. | सहायक चौथो | जगनाथ स्वास्थ्य चौकी |
| ११ | २३२८७१ | हरिमाया थापा मगर | अ.न.मी. | स्वास्थ्य | प.हे.न. | सहायक चौथो | मेहेलतोली स्वास्थ्य चौकी |
| | | | | | | | |

**निर्णय नं. ४ :**

यस भगवतीमाई गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

यस गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुमा रहेका रहेका नामसारी नभएका मोटरसाईकल १० दिनभित्र नामसारी गर्ने व्यवस्था गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने र प्रशासन तर्फका कर्मचारीहरुले संचालन गर्ने मोटरसाईकलको लागि मासिक अधिकतम १५ लि. इन्धन उपलब्ध गराउने साथै कार्यालय प्रयोजन बाहेक अन्य प्रयोजनमा मोटरसाईकल प्रयोग नगर्ने र सार्वजनिक विदाको दिन सरकारी कामको सिलसिलामा मोटरसाईकल चलाउन पर्ने अवस्था भएमा पूर्व स्वीकृति लिएर मात्र चलाउने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

यस भगवतीमाई गाउँपालिका वडा नं. १ अन्तर्गत बावियातडा–हे.पो. हुँदै वडा कार्यालय देखी विध्यावासिनी मन्दिरसम्म सडक निर्माणको लागि आ.व. २०७५।०७६ मा ठेक्का सम्झौता भएको ठेक्का नं. १०।०७५।०७६ जि.एम.आर., सुर्खेतलाई कार्य प्रारम्भ गर्न कार्यादेश भएकोमा हालसम्म पनि कार्य प्रारम्भ नगरेको हुँदा उक्त निर्माण व्यवसायीलाई १५ दिनभित्र कार्य प्रारम्भ गर्न पत्राचार गर्ने र तोकिएको म्यादभित्र कार्य प्रारम्भ नगरेमा खरिद सम्झौता अन्त्य गर्नेतर्फ आवश्यक कारवाही अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

यस गाउँपालिका अन्तर्गत संचालित ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना कार्यक्रमको सिलसिलामा मिति २०७६ मंसिर १० गते नेपालका लागि फिनल्याण्डका राजदूत र यूरोपियन यूनियनका पदाधिकारीहरुको यस गाउँपालिकामा हुने भ्रमणलाई व्यवस्थित गर्न देहाय वमोजिमको व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल :**

१. संयोजक – श्री चन्द्रा रेग्मी, उपाध्यक्ष, भगवतीमाई गाउँपालिका

२. सदस्य – श्री कर्णबहादुर शाही, वडा अध्यक्ष, वडा नं. २

३. सदस्य – श्री कृष्णबहादुर शाही, वडा अध्यक्ष, वडा नं. ५

४. सदस्य – श्री मानबहादुर बुढा, वडा अध्यक्ष, वडा नं. १

५. सदस्य – श्री रत्नबहादुर शाही, वडा अध्यक्ष, वडा नं. ७

६. सदस्य – श्री दानबहादुर खड्का, वडा अध्यक्ष, वडा नं. ३

७. सदस्य – श्री विरशंकर रोकाय, वडा अध्यक्ष, वडा नं. ६

८. सदस्य – श्री कृष्णबहादुर थापा, वडा अध्यक्ष, वडा नं. ४

**निर्णय नं. ८ :**

यस भगवतीमाई गाउँपालिका वडा नं. ७ स्थित श्री भैरव माध्यामिक विद्यालय, खोरको भारत सरकारद्धारा निर्मित भवनको समुद्घाटन मिति २०७६ मंसिर ०६ गते नेपालका लागि भारतीय राजदूतबाट हुन भएकोले उक्त उद्घाटन कार्यक्रम व्यवस्थापनको लागि “समपुरक कोष” लागि छुट्याइएको रकमबाट रु. २,५०,०००। खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :**

यस गाउँ कार्यपालिकाको कार्यालयमा ईन्जिनियरिङ्ग सेवाका प्राविधिक कर्मचारीको अभाव रहेको हुँदा सव ईन्जिनियर पदमा एक (१) जना कर्मचारी ज्यालादारी/करार सेवामा लिने निर्णय गरियो ।

**निर्णय १० :**

भगवतीमाई गाउँपालिका वडा नं. २ निवासी श्री डिलप्रसाद शर्मा विगत ६ महिनादेखी बोनम्यारो रोगबाट ग्रसित भई सिभिल हस्पिटल काठमाण्डौँमा उपचारत रहेको र निजले औषधी उपचारको लागि आर्थिक सहयोगको लागि निवेदन दिएको हुँदा औषधी उपचारको लागि निजलाई रु. २५०००। (अक्षेरुपी पच्चिस हजार रुपैयाँ) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय ११ :**

यस भगवतीमाई गाउँपालिका अन्तर्गत खेलकूद विकास समिति, वेस्तडाले अन्तरपालिका स्तरीय भलिबल प्रतियोगितामा सहभागी हुन र साझा युवा संजाल भगवतीमाई –१ ले भलिवल प्रतियोगिता संचालन गर्नको लागि रकम उपलब्ध गराईदिन अनुरोध गरेको हुँदा भलिबल प्रतियोगितामा सहभागी हुन र प्रतियोगिता संचालन गर्नको लागि चालु आ.व. ०७६।०७७ मा खेलकूल प्रतियोगिता शिर्षकमा विनियोजित रकमबाट खर्च हुने गरी निम्नानुसार रकम सहयोग गर्ने निर्णय गरियो ।

| क्र.सं. | संस्थाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १. | खेलकुद विकास समिति | रु.७००००। | नौमुले गा.पा.को चौराठा र डुंगेश्वर गा.पा.वडा नं. २, लाकुरी मा संचालित भलिवल प्रतियोगिता कार्यक्रममा सहभागी । |
| २. | साझा युवा संजाल | रु.३५०००। | मिति २०७६।०७।०६ देखी २०७६।०७।०८ गतेसम्म भलिवल प्रतियोगिता आयोजना । |

**निर्णय नं. १२ :**

यस गाउँपालिकाको लागि चालु आ.व. ०७६।०७७ मा सडक मर्मत सम्भार गर्न सडक बोर्ड, नेपालबाट प्राप्त हुने रकम र गाउँपालिकाको लागत सहभागितामा वेस्तडा – कट्टी वडा कार्यालय जाने सडक मर्मत सम्भार गर्ने निर्णय गरियो ।